# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..............वार्षिक प्रतिवेदन.... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७।७८

चलानी नं. :- १०४०८

मिति :- २०७७/०३/१५

श्री उच्च सरकारी वकील कार्यालयहरु, सबै ।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालयहरु, सबै ।

**विषयः मासिक तथा वार्षिक प्रतिवेदनको फाराम सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम १० को उपनियम (१) अनुसार प्रत्येक उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयले आफूले सम्पादन गरेको काम कारबाहीको मासिक तथा वार्षिक प्रतिवेदन निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने व्यावस्था छ । महान्यायाधिवक्ताको कार्यालयले मासिक तथा वार्षिक प्रतिवेदनका फारामका ढाँचाहरु निर्धारित गरी यस कार्यालयको वेवसाइटमा राखी सकिएको छ । उच्च सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ६ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), विशेष सरकारी वकील कार्यालयका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ७ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), जिल्ला सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि १५ (ती मध्ये फाराम नं १ देखि ११ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि १५ सम्म वार्षिक प्रतिवेदन) निर्धारण गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट तोकिएको ढाँचामा मासिक तथा वार्षिक प्रतिवेदनहरु तयार गरी सबै कार्यालयहरुले वार्षिक प्रतिवेदन साउन १५ गते भित्र र मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउन हुन अनुरोध छ ।

उच्च सरकारी वकील कार्यालयहरुले पठाउने वार्षिक प्रतिवेदनमा सो नियमको उपनियम (४) बमोजिम आफ्नो र मातहतका सरकारी वकील कार्यालयको भौतिक स्थिति, कार्यबोझ र काम कारबाहीको स्थिति, आवश्यक सिफारिस र सुझाव समेत उल्लेख गर्नु पर्नेछ ।साथै, मातहतका सरकारी वकील कार्यालयहरुबाट प्राप्त प्रतिवेदन नियमित आए नआएको र महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित ढाँचामा भए नभएको र तथ्यांक मेल खाए नखाएको समेत हेरी कुनै त्रुटि देखिएमा आवश्यक निर्देशन दिन र प्राप्त प्रतिवेदनहरु व्यवस्थित गरी राख्न समेत अनुरोध गर्दछु । जिल्ला सरकारी वकील कार्यालयहरुले मासिक र वार्षिक प्रतिवेदन सो नियमको उपनियम (२) बमोजिम सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउन समेत अनुरोध छ । प्रतिवेदनका फाराम भर्ने सम्बन्धमा कुनै समस्या वा जिज्ञासा भए देहायको नम्बरमा सम्पर्क राख्न समेत अनुरोध छ ।

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी मोबाइल नं ९८४१३८४९९३
नायब सुब्बा श्री चन्दनकुमार ठाकुर मोबाइल नं ९८४४२७५१९१

..........................
(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता